# संविधानमा मानव अधिकार

नेपालमा सहभागितामूलक संविधान निर्माण पुस्तिका शृङ्खला
३



संवैधानिक संवाद केन्द्र
CENTRE FOR CONSTITUTIONAL DIALOGUE

संवैधानिक संवाद केन्द्र

**प्रकाशक**

संवैधानिक संवाद केन्द्र

पहिलो संस्करण : २०६५ साल

प्रतिलिपि अधिकार © संवैधानिक संवाद केन्द्रमा सर्वाधिकार सुरक्षित छ। सामग्रीको स्रोतका रूपमा संवैधानिक संवाद केन्द्रप्रति साभार व्यक्त गरी गैरव्यावसायिक प्रयोजनका लागि यस पुस्तिकाका अंशहरू पुनःप्रकाशन र/वा अनुवाद गर्न सकिनेछ। ती पुनःप्रकाशन र/वा अनुवादको एक प्रति संवैधानिक संवाद केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ।

**साजसज्जा तथा मुद्रण**

प्रिन्ट प्वाइन्ट पब्लिसिङ, त्रिपुरेश्वर, काठमाडौं।

फोन : ४२४९६७४, ४२४९६७५



**थप जानकारी वा यस पुस्तिकाका लागि निम्नलिखित ठेगानामा सम्पर्क राख्नुहोला :**

संवैधानिक संवाद केन्द्र

तेस्रो तल्ला, अल्फा बेटा कम्प्लेक्स, नयाँ वानेश्वर, काठमाडौं

टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८

ई-मेल : info@ccd.org.np

वेबसाइट : www.ccd.org.np

# संविधानमा मानव अधिकार

पुस्तिका शृङ्खला ३

संविधानमा मानव अधिकार १
मानव अधिकार सबैका लागि १
अन्तराष्ट्रिय कानुनी सन्दर्भ २
नेपालमा मानव अधिकार ४
संविधानसभाले विचार गर्नुपर्ने केही सम्भावित मुद्दाहरु ६

# संविधानमा मानव अधिकार

## मानव अधिकार सबैका लागि

मानिसको राष्ट्रियता जहाँसुकैको भए पनि, ऊ जहाँको बासिन्दा भए पनि अथवा उसको राष्ट्रियता तथा जातीय उत्पति, लिङ्ग, वर्ण, धर्म, भाषा अथवा अन्य परिचय जे भए पनि मानव अधिकार सबै मानिसमा अन्तर्निहित हुन्छ। सबै मानिसहरू बिना भेदभाव समान रूपमा मानव अधिकारका हकदार हुन्छन्। मानव अधिकारको विश्वव्यापी घोषणाको धारा १ अनुसार “मानिस जन्मँदा स्वतन्त्र हुन्छ र मर्यादा र अधिकारको दृष्टिकोणबाट सबै मानिस समान हुन्छन्।” यी सबै अधिकारहरू अन्तरसम्बन्धित, अन्तर्निभर र अविभाज्य छन्। विश्वव्यापी मानव अधिकारहरू सन्धि, परम्परागत अन्तर्राष्ट्रिय कानुन, सामान्य सिद्धान्तहरू तथा अन्तर्राष्ट्रिय कानुनका अन्य स्रोतको रूपमा व्यक्त तथा प्रत्याभूत गरिएका हुन्छन्। व्यक्ति र समूहका आधारभूत स्वतन्त्रता र मानव अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनले सरकारहरूलाई निश्चित तवरबाट कार्य गर्न वा कुनै कार्य गर्नबाट रोकेको हुन्छ।[1] धेरै देशको संविधानमा मानव अधिकार वा मौलिक अधिकार तथा स्वतन्त्रतासम्बन्धी भाग समावेश गरिएको हुन्छ।

मानव अधिकार अहरणीय हुन्छ। मानव अधिकार राज्यबाट प्रदान गरिने कुरा होइन, र सरकारले त्यसलाई न उल्लङ्घन गर्न सक्दछ न स्वेच्छाचारी रूपबाट हरण नै गर्न सक्छ। विशेष र असाधारण परिस्थिति अथवा अत्यावश्यकता र अनुपातिकताको सख्त सीमाभित्र विधिवत रूपमा रहेरबाहेक सरकारले यसलाई मिच्नु हुँदैन। उदाहरणका लागि अदालतले कुनै व्यक्तिलाई अपराध गरेको ठहर गरेको खण्डमा त्यस्ता व्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकारमा पाबन्दी लगाउन सकिने हुन्छ।

मानव अधिकारमा नागरिक (व्यक्तिगत स्वतन्त्रता), राजनीतिक (भेला हुने, सङ्घसंस्था खोल्ने, चुनाव गर्ने तथा निर्वाचनमा भाग लिने अधिकार), आर्थिक (खाद्यान्न तथा आवाससम्बन्धी अधिकार), सामाजिक (शिक्षा, स्वास्थ्य), र सांस्कृतिक (भाषा, संस्कृति, परम्परागत रीतिरिवाज) अधिकारलगायत विकास (प्राकृतिक स्रोतमा पहुँच, विकास तथा वैज्ञानिक आविष्करका फाइदाहरूको समान वितरण र उपयोग), वातावरण (स्वच्छ वातारण तथा पर्यावरण) एवं शान्ति (हिंसा र द्वन्दबाट स्वतन्त्रता) सम्बन्धी अधिकारहरू पर्दछन्। ‘मौलिक अधिकार’ भनी व्यवस्था

---

१ थप जानकारीका लागि http://ohchr.org/EN/Issues/WhateverHumanRights.aspx हेर्नुहोला।

गरिएका अधिकारको अर्थ कुनै देशको संविधानले उक्त देशका नागरिकहरूका लागि मात्र तय गरिएका अधिकारहरू हुन् भन्ने बुझिन्छ। तर यसको अर्थ अन्तर्राष्ट्रिय रूपमा मान्य र बाध्यकारी मानव अधिकारलाई यसले सीमित पार्ने भन्ने होइन ।

कतिपय मानव अधिकारहरू राज्यविरूद्धका व्यक्तिगत अधिकार भनी तर्जुमा गरिएका हुन्छन् । यस्ता अधिकारहरूको उल्लङ्घनको सामना गर्न त्यस्ता अधिकारहरूसँगै उपचारको प्रावधान पनि हुनुपर्दछ । यस्ता हक अधिकारमा बाँच्न पाउने (अधिकार) तथा भौतिक अस्तित्वको अधिकार, कानुनी समानता, र व्यक्तिगत वाक् तथा अभिव्यक्ति स्वतन्त्रता आदि पर्दछन् । सामान्य परिस्थितिमा राज्यले व्यक्तिगत मामिलामा हस्तक्षेप नगरेको खण्डमा यस्ता अधिकारहरू पूर्णरूपले उपभोग गर्न सकिन्छ। राज्यले स्वेच्छाचारी ढङ्गबाट व्यक्तिगत मामिलामा हस्तक्षेप गर्न पाउदैन ।

गैर-राज्य पक्षबाट आफ्नो अधिकार क्षेत्रभित्र पर्ने नागरिकका मानव अधिकार हनन् हुन नदिने हेतुले संरक्षण प्रदान गर्नु पनि राज्यको उत्तरदायित्व हो । यस्ता अधिकारको अर्को अर्थ आफ्ना नागरिकका चौतर्फी विकासका लागि काम गर्नु पनि राज्यको जिम्मेवारीमा पर्दछ भन्ने हो। यस्ता जिम्मेवारीमा सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकार आदि पर्दछन्। यस्ता अधिकारहरू पूर्व सक्रियता, सङ्गठित तथा स्थिर ढङ्गबाट सुनिश्चित गरेपछि मात्र व्यक्तिहरूले राज्यविरूद्ध स्वतन्त्रतापूर्वक आफ्ना अधिकारहरू उपभोग गर्न सक्छन्।

सारभूत मानव अधिकारहरूलाई सूचीकृत गर्दा संविधानले प्रायः **प्रक्रियागत र संस्थागत प्रावधानहरू** पनि समावेश गर्ने गर्दछ, जसले सारभूत अधिकारका प्रावधानहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याउँछ। यसर्थ, संविधानहरूले न्यायिक उपचारका प्रणालीबारे भविष्यदर्शी भई मानव अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि राज्यको जिम्मेवारी तय गर्नका साथै मानव **अधिकारसम्बन्धी स्वतन्त्र** संस्थाहरूको स्थापना गर्दछ। अन्य प्रावधानहरू – मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरूलाई राष्ट्रिय कानुनमा समावेश गर्ने, तिनीहरूको कार्यान्वयन तथा व्यक्तिहरूमा त्यसबाट पर्ने प्रत्यक्ष प्रभाव आदिसँग जोडिएका हुनसक्छन्।

## अन्तर्राष्ट्रिय कानुनी सन्दर्भ

*संयुक्त राष्ट्रसङ्घीय साधारणसभाद्वारा डिसेम्बर १०, १९४८ मा ग्रहण गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र* र अन्य दुईवटा अन्तर्राष्ट्रिय महासन्धिहरू - *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी*

*अन्तर्राष्ट्रिय महासन्धि* - लाई आहिले मानव अधिकारको “अन्तर्राष्ट्रिय संविधान” को रूपमा लिइन्छ । ६० वर्षभन्दा बढीको समयावधिमा मानव अधिकारसम्बन्धी विभिन्न सन्धिहरू, सम्झौताहरू तथा घोषणाहरू गरिएका छन्, जसमा बाल अधिकार, महिला अधिकार, यातना विरूद्धको अधिकार, रङ्गभेद तथा जातीय भेदभावविरूद्धको अधिकार, आदिवासी, जनजाति तथा अल्पसङ्ख्यकहरूको अधिकार, शिक्षा तथा स्वास्थ्यसम्बन्धी अधिकार, शरणार्थी तथा आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू वा व्यक्तिहरूका समूहको अधिकार आदि पर्दछन् ।

यी सन्धिहरूमध्ये नेपालले २० वटाभन्दा बढी महत्वपूर्ण सन्धिहरूमा हस्ताक्षर तथा तिनीहरूलाई अनुमोदन गरिसकेको छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनले निर्धारण गरेका दायित्वहरूको पालना गर्न पक्षराष्ट्रहरू बाध्यकारी हुन्छन् । अन्तर्राष्ट्रिय सन्धिहरूका पक्षराष्ट्र भएपछि अन्तर्राष्ट्रिय कानुनअन्तर्गत मानव अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्नु सम्बन्धित राष्ट्रहरूको दायित्व तथा कर्तव्य हुन आउँछ । यस्ता दायित्वहरूको सम्मान गर्नुको अर्थ पक्षराष्ट्रहरूले मानव अधिकारको उपभोगमा कटौती वा हस्तक्षेप गर्ने कार्यबाट आफूलाई रोक्नु हो । संरक्षण गर्ने दायित्वको अर्थ पक्षराष्ट्रहरूले व्यक्ति तथा समूहहरूमाथि मानव अधिकार उल्लङ्घन हुनबाट रोक्न संरक्षण प्रदान गर्नुपर्दछ । परिपूर्तिको दायित्वको अर्थ पक्षराष्ट्रहरूले आधारभूत मानव अधिकारको उपभोगलाई सहज बनाउन सकारात्मक कदमहरू चाल्नुपर्ने हुन्छ ।[२]

आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि (नं १६९), १९८९ अनुमोदन गर्ने १९ वटा राष्ट्रहरूमध्ये नेपाल एक हो । यस महासन्धिले भूमिमाथिको अधिकार, प्राकृतिक स्रोतसाधनमा पहुँच, शिक्षा, स्वास्थ्य, व्यवसायिक तालिम, रोजगारीका अवस्थालगायत सीमापार सम्बन्ध जस्ता विस्तृत विषयहरू समेट्छ । यस महासन्धिका मौलिक सिद्धान्त आदिवासी तथा जनजातिहरूसँग सरोकार राख्ने सबै तहका निर्णय प्रक्रियामा उनीहरूको पूर्ण सहभागिताका साथै त्यसबारे उनीहरूसँग परामर्श लिइनुपर्दछ भन्ने हो । आदिवासी तथा जनजातिहरूको अधिकारहरूसम्बन्धी कानुनी रूपमा एक मात्र बाध्यकारी अन्तर्राष्ट्रिय संयन्त्रको लागि जिम्मेवार संयुक्त राष्ट्रसङ्घीय निकायको रूपमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को यस सन्दर्भमा महत्वपूर्ण भूमिका रहन्छ ।

नेपालमा सन्धि ऐन, २०४७ (सन् १९९१) को दफा ९ अनुसार अनुमोदित सबै सन्धिहरू नेपालको कानुन बन्छन् । त्यसबाहेक, सन्धिहरूमा हस्ताक्षर गरिसकेपछि नेपाल सरकारले उक्त सन्धिहरूमा भएका प्रावधानहरू अनुसार कानुन बनाउने; विद्यमान कानुनमा रहेका फरक वा अमिल्दा प्रावधानहरू परिवर्तन गर्ने; तिनीहरूको पालना गर्ने; उल्लङ्घन भएको खण्डमा

---

२ OHCHR

उपचारको व्यवस्था गर्ने; र तिनीहरूको पूर्ण पालनाका लागि आवश्यक शिक्षा तथा तालिमका लागि बजेटको विनियोजन गर्ने आदि कार्यहरू गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा मानव अधिकारका आधारमा अगाडि बढ्नको लागि नेपालमा यथेष्ठ कानुनी आधारहरू छन् ।

## नेपालमा मानव अधिकार

नेपालको संविधानमा मानव अधिकारलाई मौलिक अधिकारहरूको रूपमा व्यवस्था गरिएको छ । नेपालले धेरै अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी संयन्त्रहरूमा सहमति जनाएको छ । साथै, विद्यमान तथा विगतका संविधानहरूमा मानव अधिकारसम्बन्धी विस्तृत सूची पनि निर्धारण गरिएको छ । मानव अधिकारसम्बन्धी प्रावधानहरूका सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ (२००७) लाई आजसम्म नेपालमा जारी संविधानहरूमध्येमा सर्वाधिक प्रगतिशील संविधानको रूपमा लिइन्छ ।

नेपालको इतिहासमा देशमा भएका विभिन्न राजनीतिक घटनाक्रमहरूसँगै मानव अधिकारसम्बन्धी अवधारणाहरू अगाडि बढेका पाइन्छन् । सामान्यतः वि.सं. २००७ (सन् १९५१) अगाडि हिन्दु राज्यका मूल्य र मान्यताहरू तथा राजसंस्था देशका बहुसङ्ख्यक जनताप्रति विभेदपूर्ण थिए । नेपाली समाजमा औपचारिक रूपमा हिन्दु वर्णव्यवस्था रहेको थियो । त्यसको प्रभाव अहिलेसम्म महसुस गर्न सकिन्छ । आज पनि त्यस्तो विरासत नेपालको समाजिक प्रणालीमा धेरै आदिवासी, जनजाति र दलित जनताका लागि मानव अधिकार तथा समानताको सन्दर्भमा व्यावधानको रूपमा रहिआएको छ । साथै, महिलाहरूको अवस्था पनि त्यसै विरासतको परम्पराबाट प्रभावित हुनपुगेको छ, जसबाट उनीहरूः सँधैजसो सशक्तीकरण हुनबाट बञ्चित भई सीमान्तीकृत तथा बहिष्करणमा पर्न गएका छन् । यद्यपि वि.सं. १९१० (सन् १८५४) को मुलुकी ऐनले जातीयतामा आधारित सजाय व्यवस्थामा केही सुधारहरू गरे पनि त्यसले उक्त प्रचलनलाई कानुनी वैधानिकता प्रदान गरी जातीय तथा तहगत परम्परालाई अझ मजबुत बनायो । यसरी नेपाली जनतालाई समानताको अधिकारका साथै मानव अधिकारको अभ्यास गर्नबाट लामो समयसम्म बञ्चित गरियो ।

मौलिक अधिकारहरूका केही सन्दर्भहरू समावेश भएका अघिल्ला कानुनी तथा संवैधानिक प्रावधानहरूको अनुसरण गर्दै नेपाल अधिराज्यको संविधान २०१५ (सन् १९५९) ले मौलिक अधिकारहरूका व्यवस्थाहरूको विस्तार गऱ्यो र यी अधिकारहरूको उल्लङ्घन भएको खण्डमा सर्वोच्च अदालतमा रिट हाल्न सकिने जस्ता संवैधानिक उपचार प्रदान गऱ्यो । वि.सं. २०१९ (सन् १९६२) को संविधानले पनि व्यक्तिगत अधिकारहरूसम्बन्धी प्रावधानहरूलाई कायम

राख्यो तर यसले तत्कालीन निर्दलीय राजनीतिक व्यवस्था विरूद्धका कुनैपनि कार्यलाई भने रोक लगाएको थियो । पञ्चायती व्यवस्था विरूद्धका कुनै पनि कार्य र राजनीतिक स्वतन्त्रतामा प्रतिवन्ध लगाइएकाले त्यस अवधिमा धेरैजसो व्यक्तिगत अधिकारहरू निष्क्रिय रहे । मुलुकी ऐन, २०२० (सन् १९६३) को संशोधनलाई मानव अधिकारको दृष्टिकोणबाट एउटा महत्वपूर्ण कदमका रूपमा लिइन्छ । यस ऐनले परम्परागत जातीय व्यवस्थालाई खारेज गऱ्यो र छुवाछूत तथा जातीय तहगत परम्पराको उन्मूलन गर्नका साथै सबै अमानवीय सजायको व्यवस्थामा रोक लगाई जातजातिका आधारमा हुने भेदभावको अन्त्य गर्ने प्रयत्न पनि गऱ्यो ।

नेपाल अधिराज्यको संविधान २०४७ (सन् १९९०) ले सार्वभौम अधिकार नेपाली जनतामा निहित रहने व्यवस्था गरी व्यक्तिगत अधिकारहरूको क्षेत्रलाई व्यापकता प्रदान गऱ्यो । त्यसैगरी, मृत्युदण्डको अन्त्य, सूचनाको हक, शैक्षिक तथा सांस्कृतिक अधिकारहरू, मौलिक हक उल्लङ्घन विरूद्धका साथै सार्वजनिक सरोकारका मुद्दाहरूसम्बन्धी सर्वोच्च अदालतमा रिट हाल्न सकिने व्यवस्था आदि प्रावधानहरूलाई विशेष महत्वका रूपमा लिइन्छ । संविधानको भाग ३ मौलिक हकमा उल्लेखित मानव अधिकारसम्बन्धी प्रावधानहरूका सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ (२००७) लाई आजसम्म नेपालमा जारी संविधानहरूमध्येमा सर्वाधिक प्रगतिशील संविधानको रूपमा लिइन्छ ।

यस संविधानको धारा १२, १३, १६, २४, २५, २६, २९ र ३१ नागरिक अधिकारहरू *(बाँच्न पाउने अधिकार, मर्यादा, समानता र स्वतन्त्रता, आदि)* लगायत विभिन्न व्यक्तिगत स्वतन्त्रताहरूसँग सम्बन्धित छन् भने धारा १२, १५, २७ र २८ मा राजनीतिक अधिकारहरू *(संगठित हुन पाउने अधिकार, अभिव्यक्ति तथा विचार आदानप्रदानगर्न पाउने अधिकार, शासन व्यवस्थामा सहभागी हुन पाउने अधिकार);* धारा १२, १३, १८, १९, २९ र ३० मा आर्थिक अधिकारहरू *(उचित रोजगारीको अवसरसम्बन्धी अधिकार, भोकबाट मुक्ति, जीविकोपार्जनका लागि काम गर्न पाउने अधिकार, आफनो पेसा छान्न पाउने अधिकार, आदि);* धारा १२, १४, १६, १७ र १८ मा सामाजिक अधिकार *(शिक्षा, स्वास्थ्य र सुरक्षाको अधिकार, औषधि उपचारको सुविधा, मातृशिशु स्वास्थ्य सेवा, बालबालिकाको सुरक्षा, आदि);* र धारा २३ मा सांस्कृतिक अधिकारहरू *(अरूको भावना र आत्मसम्मानमा ठेस नपुग्ने गरी धार्मिक, सांस्कृतिक तथा परम्परागत अभ्यासहरूमा सहभागी हुन पाउने अधिकार)* आदिको व्यवस्था गरिएका छन् ।

अन्तरिम संविधानको मानव अधिकारसम्बन्धी प्रावधानलगायत अन्तरिम संविधानसँग बाझिने कानुन लागू वा कार्यान्वयन नहुने गरी "प्रभावहीन" घोषित भएका छन् (अन्तरिम संविधानको धारा १६४ (२)) ।

अन्तरिम संविधानले संविधानको यस भागमा प्रदान गरिएका अधिकारहरू कार्यान्वयन गर्ने सन्दर्भमा सर्वोच्च्च अदालतमा पुनरावेदन गर्नका लागि महत्वपूर्ण अधिकार प्रत्याभूत गरेको छ (धारा ३२ र १०७) ।

नेपालको राष्ट्रिय मानव अधिकार आयोग स्वतन्त्र र स्वायत्त संवैधानिक निकाय हो । वि.सं. २०५७ (सन् २०००) मा मानव अधिकार आयोग ऐन, २०५३ (१९९७) अन्तर्गत संवैधानिक कानुनी निकायको रूपमा यसको स्थापना भएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ (२००७) ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक निकायको रूपमा स्थापित गऱ्यो (भाग १५) । देशको संवैधानिक कानुन प्रणालीमा यसको अलग्गै जिम्मेवारीका क्षेत्रहरू रहेका छन् । यी जिम्मेवारीहरूले न्याय सम्पादनसम्बन्धी सामान्य संयन्त्र, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, तथा विद्यमान अन्य कार्यापालिकी, अर्धन्यायिक वा न्यायिक निकायहरूका जिम्मेवारीलाई सम्पन्न गर्न पूरकको रूपमा सहयोग पुऱ्याउँछन् ।[३]

नेपालमा आधारभूत मानव अधिकारलाई सुनिश्चित गर्न धेरै मूल्य-मान्यता, निकाय तथा कार्यविधिहरू स्थापित गरिएका छन् । तर यसको व्यावहारिक कार्यान्वयन तथा नेपाली जनताद्वारा यी अधिकारहरूको प्रभावकारी उपभोग गर्ने कुरा स्थायी चुनौतीको रूपमा रहिआएको छ । हाल देखापरेका थप नयाँ चुनौतीहरूमा मानव अधिकारको क्षेत्र विस्तार गर्नुपर्ने र सबै प्रकारका मानव अधिकारहरूको प्रत्याभूतिका लागि त्यस्ता अधिकारहरूलाई संस्थागत गर्ने आवश्यकता पर्न सक्छन् ।

मानव अधिकार अन्य कानुन तथा प्रशासनिक नियमावलीहरूबाट पनि प्रभावित हुनसक्छ, तीमध्ये केही संविधानमा भएका विद्यमान मानव अधिकारसम्बन्धी प्रावधानहरूसँग निरन्तर रूपमा बाझिने गरेका छन् ।

## संविधानसभाले विचार गर्नुपर्ने केही सम्भावित मुद्दाहरू

माथि उल्लेख गरिए जस्तै नेपालमा मानव अधिकारसम्बन्धी कानुनहरू मुख्यतया अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नै रहेका छन् । प्रभावकारी संरक्षण तथा उपचारका प्रावधानहरू संविधान

३ राष्ट्रिय मानव अधिकार आयोग, नेपाल

तथा अन्य कानुनी स्रोतहरूमा रहेका छन् । भनाइको तात्पर्य मानव अधिकारको कानुनी/संवैधानिक संरक्षणमा थप सुधार हुन सक्दैन भन्ने होइन । अझै नेपालमा मानव अधिकारको अवस्थामा व्यवहारमा सुधार गर्नु पर्ने प्रशस्त ठाउँहरू रहेका छन् । त्यसैले मानव अधिकारको संरक्षण प्रभावकारी रूपमा वृद्धि गर्न संवैधानिक प्रावधानहरूलाई परिस्कृत गरी त्यसलाई विस्तार गर्ने कुराले व्यवहारमा मानव अधिकारको उत्तम मापदण्ड हासिल गर्ने एउटा अपर्याप्त उपायलाई मात्र प्रतिनिधित्व गर्न सक्दछ भन्ने कुरालाई ख्याल गरिनुपर्दछ ।

नेपालको विद्यमान संवैधानिक तथा कानुनी संरचनामा प्रक्रियागत पक्षका साथै मानव अधिकार तथा स्वतन्त्रको विस्तृत सूची समावेश भएको भए पनि यसले सहभागितामूलक प्रक्रियामार्फत् नयाँ संविधानको मस्यौदा तयार गर्दा यसले यी प्रावधानहरूलाई पुनरावलोकन गर्ने अर्को अवसर प्रदान गर्दछ । सम्भवत: यसले सिर्जना भएका रिक्तता पूर्ति गर्दछ र मानव अधिकारको संरक्षणका लागि जिम्मेवार निकाय तथा संस्थाहरूलाई पर्याप्त अधिकार सम्पन्न बनाउछ । अझै नेपाललाई सङ्घीय राज्यमा पुन:संरचना गर्ने अपेक्षित रूपान्तरणले सङ्घीय एकाइहरूद्वारा बनाइने भावी कानुनहरूमाथि सङ्घीय मानव अधिकारका कानुनको सर्वोच्चतासँग सम्बन्धित धेरै प्रश्नहरू खडा गर्नेछ ।

१. संविधानसभाले अहिले संविधानको भाग ३ मा राखिएका सामाजिक तथा आर्थिक मानव अधिकारलाई न्यायिक रूपमा कार्यान्वयन गराउन तिनीहरूलाई त्यस्तै प्रकारको प्रभाव र संरक्षण प्रदान गर्दै संविधानको “मौलिक हक” को भागमा राख्ने कुराबारे ध्यान दिनेछ भन्ने सुझाव दिइएको छ । अहिले अन्तरिम संविधानको भाग ४ “राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू” सँग सम्बन्धित छ । यसले नेपाली जनताका धेरै मागहरू (तीमध्ये धेरै सामाजिक र आर्थिक प्रकृतिका रहेका छन्) सँग सरोकार राख्दछ र संविधानसभाले पनि यी चुनौतीहरूको सामना गर्नुपर्ने सम्भावना छ ।

२. मौलिक हकहरूलाई अझ सुदृढ गर्नेबारे विचार गर्ने; उदाहरणका लागि नेपालको अन्तरिम संविधान, २०६३ ले सुनिश्चित गरेको छुवाछुत विरूद्धको अधिकारअन्तर्गत मानव अधिकारसँग सम्बन्धित क्षतिपूर्ति दिने कुराहरूका सम्बन्धमा कानुन निर्माण गरी कार्यान्वयन गर्ने समय सीमा तय गर्ने विषय ।

३. दलित, विपन्न, गरिब, किसान तथा मजदुर र महिला जस्ता आर्थिक, सामाजिक वा शैक्षिक रूपमा पछाडि पारिएका समुदायहरूका अधिकारहरू हनन् भएको र राज्यका संरचनाहरूमा समानुपातिक समावेशीकरणको सिद्धान्त अनुरूप उनीहरूलाई सहभागी हुनबाट बञ्चित गराइएको छ भने त्यस्ता अधिकारहरूको स्पष्ट किटानी गरी न्यायिक उपचारबारे छलफल गर्ने ।

४. मानव अधिकारको प्रभावकारी उपभोगका लागि धान्न सकिने, छिटो र प्रभावकारी न्याय प्रदान गर्ने पद्धतिमा जनताको सहज पुहँच दिलाउने प्रावधानका बारेमा ध्यान दिने । स्थानीय तहमा प्रभावकारी उपचार प्रदान गर्न सकिने मौलिक हकको पहिचान गर्ने । उदाहरणका लागि जिल्ला अदालतहरूको अधिकार व्यापक पार्दै पुनरावेदन अदालतहरूले जस्तै रिट निवेदनको सुनुवाई गर्न पाउने अधिकार दिने (जस्तै, छुवाछुत तथा दुर्व्यवहार विरूद्धको हक, सूचनाको हक, गोपनीयताको हक) ।

५. मानव अधिकारको प्रयोगका लागि प्रहरी प्रशासन र अदालतहरूका अतिरिक्त स्थानीय अर्ध न्यायिक निकायहरूसम्बन्धी प्रावधानहरूबारे विचार गर्ने । उदाहरणका लागि वडा प्रहरी कार्यालय वा जन निर्वाचित निकायहरूलाई छुवाछुत र दुर्व्यवहार, घरेलु हिँसा, दाइजो तथा कथित बोक्सा-बोक्सीको आरोपका मुद्दाहरूमा पहिलो सुनुवाइ गर्नसक्ने अधिकार । तत्काल उपचार प्रदान गर्नका लागि यो एउटा प्रभावकारी थालनी हुनसक्छ। तर यस्तो मुद्दामा निष्पक्ष अदालती कारवाहीको प्रत्याभूत गरिनुपर्दछ। यसमा उपयुक्त समयभित्र एउटा स्वतन्त्र तथा निष्पक्ष आयोगमा सार्वजनिक सुनुवाइको अधिकार, निर्दोषिताको अनुमान (Presumption of innocence), र फौजदारी मुद्दामा अभियोग लागेकाहरूका न्यूनतम अधिकारहरू (तिनीहरूको प्रतिरक्षाका लागि पर्याप्त समय र सुविधाहरू, कानुनी प्रतिनिधित्वसम्मको पहुँच, उनीहरू विरूद्ध साक्षीको परीक्षण वा उनीहरूलाई परीक्षण गर्न पाउने अधिकार, निःशुल्क दोभाषेको सहयोग पाउने अधिकार) पर्दछन् ।

६. विगतको १० वर्षे द्वन्द्वकाललगायत विगतमा भएका मानव अधिकारका गम्भीर उल्लङ्घनको जिम्मेवारी सुनिश्चित गर्ने प्रावधाहरूबारे ध्यान दिने । यस्ता छलफलहरूमा क्षतिपूर्ति तथा पीडितहरूको पुनर्स्थापनाका पक्षहरू समावेश हुनसक्छन् । आन्तरिक रूपमा विस्थापित जनताको अधिकारसम्बन्धी प्रश्नहरू पनि यस सन्दर्भमा सम्बोधन गर्न सकिन्छ ।

७. अन्तरिम संविधानले प्रभावकारी अनुगमन तथा सुपरीवेक्षणमार्फत् मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि स्वतन्त्र राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी प्रावधान गरिसकेको छ। केही देशहरूले भिन्नै स्वतन्त्र मानव अधिकार निकायहरू (जस्तै, गुनासा सुन्ने निकाय) को स्थापना गरेका छन्, जसको जिम्मेवारी जनताको खास समूह (बालबालिका, अशक्त व्यक्तिहरू, आदिवासी वा जनजाति अल्पसङ्ख्यकहरू आदि) को अवस्थालाई सम्बोधन गर्नु हो । संविधानसभाले त्यस्ता विकल्पहरूबारे खोजी गर्न सक्नेछ ।

# पुस्तिका-शृङ्खलाबारे

संविधानसभाका सदस्यहरू तथा इच्छुक सर्वसाधारणलाई संविधान निर्माण प्रक्रियासम्बन्धी आधारभूत जानकारी उपलब्ध गराउनु नै यस पुस्तिका-शृङ्खलाको उद्देश्य हो । यी प्रकाशनहरू संवैधानिक परिणामबारे कुनै पनि किसिमबाट पूर्वानुमान गर्ने अवधारणापत्र वा प्रस्ताव वा मनसाय होइनन् । यो शृङ्खला संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को 'नेपालमा सहभागितामूलक संविधान निर्माणका लागि सहयोग' (एसपीसीबीएन) परियोजनाको समन्वयमा नेपाली तथा अन्तर्राष्ट्रिय संविधानविद्हरूको सामूहिक प्रयासको प्रतिफल हो ।

यी पुस्तिकाहरूलाई अझै परिस्कृत बनाउन प्रतिक्रिया तथा टिप्पणीका लागि विशेष अनुरोध छ । बढीभन्दा बढी सुसूचित, प्रतिबद्ध र रचनात्मक छलफललाई प्रोत्साहित गर्न यी प्रकाशनहरू सफल भएमा नै अपेक्षित उद्देश्य हासिल हुनेछ । प्राप्त टिप्पणीहरूका आधारमा यी पुस्तिकाहरूका नयाँ तथा अतिरिक्त संस्करणहरू तयार गर्न सकिनेछ ।

यो शृङ्खलालाई नेपालका केही प्रमुख राष्ट्रभाषाहरूमा अनुवाद गर्ने क्रममा उच्च गुणस्तर कायम राख्ने तथा सम्बन्धित भाषाका बहुसङ्ख्यकले बुझ्ने सही शब्दावली प्रयोग गर्ने हरसम्भव प्रयास गरिएको छ । शब्दावलीको उपयुक्त तथा सही प्रयोगबारे विभिन्न भाषिक समुदायहरूबीच भविष्यमा छलफल तथा बहसहरू हुने अपेक्षा गर्न सकिन्छ । संवैधानिक संवाद केन्द्रको उद्देश्य त्यस्ता बहसहरूलाई कुनै पनि प्रकारले छायाँमा पार्नु नभई ती भाषाहरूलाई पनि समावेश गरेर यस प्रयासमा समावेशिता र पहुँचको अधिकतम वृद्धि गर्नु हो ।

देशमा संविधान निर्माणसँग सान्दर्भिक विषयवस्तुबारे संवैधानिक संवाद केन्द्रले तयार गर्न लागेको शृङ्खलावद्ध पाठ्यसामाग्रीहरूको एउटा अंश यो पुस्तिका हो ।

सभासद्हरूका साथै यस विषयवस्तुमा चासो राख्ने सर्वसाधारणलाई प्रमुख संवैधानिक अवधारणा तथा मुद्दाहरूमा सरिक गराउनु यस शृङ्खलाबद्ध प्रकाशनको उद्देश्य हो । शृङ्खला अन्तर्गतका प्रत्येक पुस्तिका नेपालमा बोलिने प्रमुख भाषाहरू (नेपाली, मैथिली, भोजपुरी, थारु, मगर, तामाङ्ग, नेवार) र अङ्ग्रेजी भाषामा उपलब्ध छ। यी पाठ्यसामग्रीहरूका श्रव्य संस्करण (क्यासेट, डीभीडी) पनि उपलब्ध हुनुका साथै यिनीहरूलाई अनलाइनमा पनि राखिएको छ ।

पहिलो चरणमा यस प्रकाशन शृङ्खलामा समेटिने विषयवस्तुहरू यसप्रकार छन् : राज्य र धर्म, सङ्घीय प्रणाली, संविधानमा मानव अधिकार, आदिवासी जनजातिका अधिकार, अल्पसङ्ख्यकहरूका अधिकार, सरकारका प्रणालीहरू, स्वतन्त्र न्यायपालिका, स्थानीय स्वशासन, विविधता र सामाजिक समावेशीकरण र सहभागितामूलक संविधान निर्माण प्रक्रिया ।

**संवैधानिक संवाद केन्द्र**
तेस्रो तल्ला, अल्फा बेटा कम्प्लेक्स, नयाँ वानेश्वर, काठमाडौँ
टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८
ई-मेल : **info@ccd.org.np**
वेबसाइट : **www.ccd.org.np**

